नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ
Website: daotaplejung.moha.gov.np
E-mail - taplejungprashasan@gmall.com
☎ ०२४-४६०१९१

प.सं. ०८०/८१
च.नं.

मिति : २०८१।०३।११
ने.सं. ११४४ तछलाथ्व ४ मंगलबार

## सार्वजनिक सूचना

नेपाल सरकारको "जनताको जलविद्युत कार्यक्रम" अन्तर्गत फक्ताङलुङ गाउँपालिका वडा नं. ५ र ६ (साविक तापेथोक गा.वि.स. वडा नं. ८ र लेलेप गा.वि.स. वडा नं. ७) मा निर्माणाधीन घुन्साखोला जलविद्युत आयोजना (७७.५ मे.वा.क्षमता) अन्तर्गत निर्माण हुने मुख्य संरचना, पहुँच सडक, मुख्य सुरुङ्ग, टेलरेस सुरुङ्ग सि.भि.टि पोर्टल आदि संरचनाहरुले ओगट्ने तथा प्रभावित हुने स्थायी रुपमा निजी जग्गाहरु अधिग्रहण गर्नको लागि मिति २०८१/०२/०५ मा गोरखापत्रमा प्रकाशित सार्वजनिक सूचनामा समावेश भएका निजी जग्गाहरुको मुआब्जा निर्धारणको लागि आवश्यक कार्य भइरहेकोले स्थायी रुपमा अधिग्रहण गरिने निजी जग्गामा नयाँ संरचनाहरु (घर, टहरा, गोठ, टोइलेट आदि) निर्माण, अलैचीका बिरुवा तथा अन्य रुख बिरुवाहरु रोप्ने कार्य नगर्नु, नगराउनु हुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ। यदि यस्ता कार्यहरु भएको पाइएमा क्षतिपूर्ति मूल्याङ्कनमा समाबेश नगरिने तथा क्षतिपूर्ति उपलब्ध नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

............................

टङ्कबहादुर भट्टराई
मुआब्जा निर्धारण उपसमिति संयोजक